लिला २८- श्री लिला धामी - ४ नं. वडा सदस्य
लक्ष्मी २९- श्री लक्ष्मी लुहार - " " "
[signature] ३०- श्री गोपाल साउँद - " " "
[signature] ३१- श्री गणेश सिंह साउँद - " " "
[signature] ३२- श्री भोगा सिंह धामी - ५ नं. वडा सदस्य
[signature] ३३- श्री मान बहादुर धामी - " " "
हरीना ३४- श्री हरिना देवी दमाई - " " "
[signature] ३५- श्री घनश्याम साउँद - ६ नं. वडा सदस्य
[signature] ३६- श्री हरि सिंह साउँद - " " "
इश्वरी ३७- श्री ईश्वरा देवी धामी - " " "
[signature] ३८- श्री खंकरा लुहारी - " " "
[signature] ३९- श्री भैदेव ऐर - ७नं. वडा सदस्य
[signature] ४०- श्री धन सिंह ऐर - " " "
[signature] ४१- श्री कुमारी कौशिला बोहरा - " " "
[signature] ४२- श्री इश्वरा नेपाली - " " "
[signature] ४३- श्री नर बहादुर ऐर - ८ नं. वडा सदस्य
[signature] ४४- श्री नरेन्द्र बहादुर बोहरा - " " "
[signature] ४५- श्री शान्ति ढाँट - ३ नं. वडा सदस्य
[signature] ४६- श्री हजारी वि.क. - " " "
[signature] ४७- श्री कृष्ण सिंह धामी - " " "
[signature] ४८- श्री कवीन्द्र प्रसाद ओझा - प्र.प्र.अ. स-सचिव
[signature] ४९- श्री टीका सिंह धामी - प्राइ-प्रवक्ता अधि.प.
[signature] ५०- श्री कृष्ण बहादुर चलाउने - इन्जिनियर
[signature] ५१- श्री रमेश प्रसाद भट्ट - शिक्षा अधिकृत
[signature] ५२- श्री शोभा ओशी - अधिकृतस्तर छैठौं
[signature] ५३- श्री राजेन्द्र सिंह धामी - रोजगार संयोजक
[signature] ५४- श्री वीर सिंह ऐरी - कृषि शाखा प्रमुख
[signature] ५५- श्री घनश्याम बोहरा - स्वास्थ्य शाखा प्रमुख
[signature] ५६- श्री धौली भट्ट - स्वा.पा.स.२.
[signature] ५७- श्री गौरव कुवँर - भिन्सी प्रमुख
[signature] ५८- श्री पुष्पा कुँ चौधरी - सहायक पाँचौं
[signature] ५९- श्री उमेश बोहरा - योजना शाखा प्रमुख

६० - श्री कर्ण बहादुर चन्द - कम्प्युटर अपरेटर
६१ - श्री सुशील गौतम - सब. इन्जिनियर
६२ - श्री गोदावरी ढाँट - सि.अ.न.मी.
६२ - श्री सुरेन्द्र सिंह धामी - प्राविधिक सहायक
६३ - श्री राज ब. धामी - ५ नं. वडा सचिव
६४ - श्री अशोक कुमार भट्ट - सह-लेखापाल
६५ - श्री कला कुमारी बोहरा - सहायक महिला विकास
६६ - श्री कमल बहादुर बुढा - स्वा.पा.स.टे.
६७ - श्री पदम साउँद - अ.हे.व.
६८ - श्री प्रताप बोहरा - फिल्ड सहायक
६९ - श्री खगेन्द्र सिंह धामी - " "
७० - श्री प्रकाश सिंह धामी - का. सहयोगी
७१ - श्री भक्त बहादुर बोहरा - कार्यालय सहयोगी
७२ - श्री टेक विक. - जि.स.स. सदस्य
७३ - श्री अनिल चौधरी - वडा सचिव
७४ - श्री हेमन्त सिंह साउँद - हे.अ.
७५ श्री सुरेन्द्र ब० साउद कृषि प्राविधिक ७
७६ श्री विरेन्द्र सिंह जेगी चौखान स्वा.चौ. प्रमुख
७७ श्री दिपेन्द्र बहादुर चन्द (उद्यम सहजकर्ता) (हं.मा.)
७८ - मोहन सिंह रोटे (वडा सचिव)
७९ - नरप सिंह रोकाया ( " " ६)
८० - केशव साउद (लघु उद्यम विकास सहजकर्ता)

निर्णय नं. ०१ :-

आर्थिक वर्ष २०७८।०७९ को नीति तथा कार्यक्रम यस सिगास गाउँपालिकाका अध्यक्ष श्री हरि सिंह धामी ज्यूले तपसिल बमोजिम नवौं गाउँसभामा प्रस्तुत गर्नुभयो ।

तपसिल :-

सभाका आदरणीय सदस्य ज्यूहरु तथा अतिथी महानुभावहरु,

सिगास गाउँपालिकाको आ.व.२०७८/०७९ को नीति तथा कार्यक्रम नेपालको संविधान, २०७२ स्थानीय सरकार संचालन ऐन, २०७४, दिगो विकासका लक्ष्यहरु, नेपाल सरकारको पन्ध्रौ योजना, योजना तर्जुमा दिग्दर्शन, २०७४ (परिमार्जित), संघीय/प्रदेश सरकारका मार्गदर्शन तथा प्राथमिकताहरु र यस गाउँपालिकाको आवश्यकता समेतलाई आधार मानि कतिपय कानुनी अस्पष्टता, जटिलताका साथै सीमित स्रोत साधनका बावजुद यस गाउँपालिका बासी आमावुवा, दाजुभाई दिदीबहिनीहरुले व्यक्त गरेका इच्छा, चाहनाहरु र समग्र पालिकाको आवश्यता अनुसार यो नीति तथा कार्यक्रम तयार गरिएको छ ।

सर्वप्रथम नेपालको सार्वभौमसत्ता, स्वाधिनता, अखण्डता, राष्ट्रहित, स्वाभिमान, लोकतन्त्र र जनजीविका उकास्नका लागि भएका सम्पूर्ण आन्दोलनहरुमा आफ्नो अमूल्य जीवन उत्सर्ग गर्नु हुने ज्ञात अज्ञात शहिदहरु प्रति हार्दिक श्रद्धाञ्जली अपर्ण गर्दछु । ती आन्दोलनहरुको नेतृत्व गरी समाजको रुपान्तरणका लागि योगदान पुर्‍याउनुहुने अग्रजहरु प्रति उच्च सम्मान व्यक्त गर्न चाहान्छौ ।

विश्व नै कोरोना भाइरसको महामारीको चपेटामा परिरहेको चुनौतीपूर्ण अवस्था रहेको छ । यस महामारीमा ज्यान गुमाउनु भएका सम्पूर्ण नेपाली नागरिकहरु, बढ्दो वर्षाका कारण बाढी पहिरोमा परी ज्यान गुमाउनु भएका नेपाली नागरिक प्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछु । त्यसै गरी कोरोना संक्रमित लगायत बाढी पहिरोमा घाइते हुनु भएका नागरिकहरुको शीघ्र स्वास्थ्य लाभको कामना गर्दछौं । साथै यस महामारी नियन्त्रण कार्यमा अग्रपंक्तीमा खटिनु भएका स्वास्थ्यकर्मी, सुरक्षाकर्मी, सञ्चारकर्मी र सवै राष्ट्रसेवक कर्मचारी सबैमा हार्दिक आभार प्रकट गर्दछौं । नेपालको संविधानमा तीन तहको शासकीय स्वरुपको व्यवस्था भए संगै जनताको नजिकको सरकारको रुपमा रहेको स्थानीय सरकार गठन भएको पनि चार वर्ष व्यतित भै सकेको छ । यस अवधिमा सडक, विद्युत, कृषि, स्वास्थ्य लगायताका क्षेत्रमा उपलब्धिहरु हासिल भएका छन् । भौगोलिक विकटता, यातायात, ढुवानी लगायत अन्य समस्या झेल्दा झेल्दै समृद्ध र सुखि सिगास निर्माण गर्न कुनै कसर बाँकी राखिएको छैन । हाम्रा प्रयास सार्थक वनाउन आम नागरिकले समेत ठूलो योगदान दिइरहनु भएको छ ।

यस क्षेत्रको सामाजिक, आर्थिक र भौतिक विकास गरी नागरिकको सन्तुष्टि बढाई सुखि जीवन शैलीको विकास गर्न आ.व. ०७८/०७९ को नीति तथा कार्यक्रम परिलक्षित गरिएको छ । गाउँपालिकालाई समुन्नत, समृद्ध र आत्मनिर्भर वनाउने खालका नीति कार्यक्रम र योजनाहरुलाई प्राथमिकता दिईएको छ । जनताबाट प्रत्यक्ष माग भएका योजना तथा कार्यक्रमहरुलाई समावेश गरी यस गाउँपालिकाको सम्भावना र अवसरलाई मध्यनजर गर्दै नीति तथा कार्यक्रम तय गरिएको व्यहोरा अवगत गराउन चाहन्छु ।

**गाउँसभाका सदस्य तथा अतिथि महानुभावहरु,**

नेपालको संविधान २०७२, स्थानीय सरकार संचालन ऐन २०७४ बमोजिम यस गाउँपालिकाको आर्थिक वर्ष २०७८/०७९ को वार्षिक नीति तथा कार्यक्रम पेश गर्न गरिमामय गाउँसभामा उभिएको छु । हामीले बिगतका वर्षहरुमा हासिल गरेका अनुभवका आधारमा हामीमाझ व्याप्त समस्या हरुलाई न्युनिकरण गरी विकास र संवृद्धिका लागि अझै एकजुट भएर खट्नु पर्ने अवस्था छ । सिगास गाउँपालिकालाई कसरी देशकै नमुना गाउँपालिका वनाउन सकिन्छ भन्ने तर्फ सम्पूर्ण सिगास गाउँपालिका परिवार सदैव चिन्तित थियो, छ र हुने नै छ ।

Scanned with CamScanner

## मूलभुत नीतिहरु

- आर्थिक विकासमा जोड दिदै जनताको जीवनस्तर सुधार हुने उत्पादन मूलक छिटो प्रतिफल प्राप्त हुने खालका रोजगारी सिर्जना हुने खालका कार्यक्रमहरु सञ्चालनमा जोड दिइने ।
- सेवा प्रवाहलाई सूचना तथा संचार प्रविधिसँग तादम्यता मिलाउदै पारदर्शी र सुशासन युक्त सेवा प्रवाहमा जोड दिइने ।
- गाउँपालिकाको वार्षिक क्यालेण्डर तयार गरी सोही मुताविक आ.व.को अन्तमा मात्र आयोजना सम्पन्न गराउने प्रवृतिको अन्त्य गरिने ।
- गाउँपालिकामा संचालित ठूला तथा साना विकास आयोजना कार्यक्रमलाई परिणाममुखी र यथार्थपरक बनाउन सघन अनुगमन कार्यलाई निरन्तरता दिइने ।
- राष्ट्रले लिएका महत्वपूर्ण नीतिहरु स्वरोजगार नीति प्रधानमन्त्री रोजगार कार्यक्रम, सामाजिक सुरक्षा नीतिलाई सफल पार्न परिणाममुखि कार्यक्रमहरुमा जोड दिइने ।
- ठुला पूर्वाधार आयोजनाको गुणस्तरीयता, दिगोपना र आवश्यकताको परिपुर्तिलाई मध्यनजर गरी विस्तृत लागत सर्भेक्षण सँगै बहुवर्षीय आयोजनाहरु कार्यान्वयनमा लगिने नीति अवलम्वन गरिनेछ ।
- स्थानीय विकास योजनाको आवधारण अनुरुप आवश्यक आयोजनहरुको पहिचान, मूल्यांकन तथा प्राथमिकीकरण गरी आयोजना बैंक तयार पारी आफ्नो स्रोत बाट सम्पन्न गर्न सकिने, केन्द्र तथा प्रदेश सरकार मार्फत सम्पन्न हुने र बैदेशिक सहयोग आवश्यक पर्ने आयोजनाहरुको वर्गीकरण गरी आयोजना बैंक तयार पार्ने र क्रमशः कार्यान्वयन गर्दै जाने नीति अवलम्वन गरिनेछ ।
- **सामाजिक परिचालन मार्फत लक्षित, विपन्न तथा सिमान्तकृत वर्गको सशक्तिकरण, उत्थान र** मूलप्रवाहीकरणमा जोड दिइने ।
- विश्वव्यापी महामारीको क्रममा स्वदेश भित्रिएका युवाहरुका लागि स्वरोजगार मूलक अनुदानका कार्यक्रमहरुलाई निरन्तरता दिइने ।
- गाउँपालिकाको आर्थिक सामाजिक विकास र समृद्धिको लागि राजनीतिक दल, करदाता, समाजसेवी, बुद्धिजीवि, नागरिकसमाज निजि क्षेत्र सहकारी क्षेत्र लगायत सम्पुर्ण जनताको सल्लाह र सुझाव लिदै विकासका लागि हातेमालोमा जोड दिइने छ ।
- गाउँपालिकामा रहेको न्यायिक समितिलाई मेलमिलापको माध्यमवाट विवाद सामाधान गर्न न्यायिक समितिको क्षमता विकासमा जोड दिदै देवानी संहिता ऐनमा व्यवस्था भएका व्यवस्थाहरुको जानकारी सहित झल्किने खालका भित्तेलेखन, फल्याक्सवाट प्रचार प्रशार गर्दै सचेतनामूलक गतिविधिहरुमा जोड दिई अपराध रहित समाज निर्माणमा न्यायिक समितिको भूमिकामा जोड दिईने कार्यक्रमलाई निरन्तरता दिइनेछ, ।
- सुशासन तथा पारदर्शिताका लागि सुचना प्रविधिको प्रयोग मार्फत जस्तै वेवसाइट पोर्टल र फेसवुक पेजका माध्यमवाट हातहातमा गाउँपालिकाका गतिविधि पहुँच पुर्याइनेछ ।

Scanned with CamScanner

## आर्थिक क्षेत्र

### क) कृषि तथा सिंचाई सम्बन्धी

- माटो परीक्षण तथा सुधार सेवा कार्यक्रमका लागि बजेट व्यवस्था गरिनेछ र यसबाट कृषिजन्य उत्पादन ( कृषि उपज) मा बृद्धि हुने विश्वास लिइएको छ ।
- बाँझो जमिनको प्रयोग, उत्पादनमा सहयोग भन्ने सोँचलाई आत्मसाथ गर्दै बाँझो जमिनको लगत सङ्कलन गरी भूमि बैंकको स्थापना गरिनेछ । बाँझो जमिन राख्ने प्रचलनलाई अन्त्य गरी सामूहिक व्यवसायिक खेती र पशुपालनको कार्यलाई प्राथमिकता दिइनेछ ।
- कृषि र पशुपालन व्यवसायमा आकर्षित गर्न उत्कृष्ट कृषक छनोट गरी पुरस्कृत गर्ने व्यवस्था मिलाइनेछ ।
- निर्वाहमुखी कृषि प्रणालीलाई व्यवसायिक कृषितर्फ उन्मुख गर्दै व्यवसायिक कृषिलाई गुणस्तरीय उत्पादनका लागि विषादि रहित प्राङ्गारिक (अर्गानिक) वाली उत्पादन, प्रशोधन र बजारिकरणमा जोड दिइने छ ।
- आय आर्जन कार्यक्रम सञ्चालन गर्न व्यवसायिक कृषकहरुलाई सुलभ ब्याजदरमा कृषि ऋण उपलब्ध गराउन सहकारी तथा वित्तिय संस्थाहरुसँग सहकार्य गरिनेछ ।
- कृषकको क्षमता अभिबृद्धि, प्राविधिक सहायता, सीप विकास र सशक्तिकरण गरिनेछ ।
- कृषि बीउविजन, मल र औषधीहरुको आपूर्ति र व्यवसायिक कृषकहरुलाई आधुनिक औजारहरु विशेष अनुदानमा उपलब्ध गराउने नीति लिइनेछ ।
- कृषि विमाका सम्बन्धमा अभिमूखिकरण गरी कृषि बिमालाई प्रोत्साहन गरिनेछ ।
- लोप हुन लागेका स्थानीय रैथाने जातका बीउ बीजनहरुको संरक्षण गरिनेछ ।
- मौरीपालन, उन्नत तरकारीको विउ, फलफुलको विरुवा, प्लाष्टिक टनेल, आधुनिक कृषि औजार तथा उपकरण आदिमा निश्चित प्रतिशत अनुदान दिई पौरखी किसान र कृषक समूहलाई प्रोत्साहन गर्न उत्पादित बस्तुहरुको बजारीकरणमा जोड दिइनेछ ।
- व्यवसायिक तरकारी खेती तथा नगदेवाली (विशेष गरि उखु) खेति प्रवर्द्धन गर्न प्राविधिक तथा आर्थिक सहयोगका लागि पहल गरिनेछ ।
- कृषिबाली संरक्षणका लागि वन्यजन्तु तथा प्राकृतिक प्रकोपबाट हुने नोक्सानी एकिन गरी आवश्यक क्षतिपूर्ति दिइनेछ ।
- गाउँपालिका भित्रका परम्परागत कुलाहरुलाई मर्मत तथा संभार गरी प्रयोगमा ल्याइनेछ ।
- पानीको श्रोतहरु संरक्षण तथा संवर्द्धन गरिनेछन ।
- संघीय सरकार र प्रदेश सरकारसँग समन्वय गरी लिफ्ट सिंचाइलाई विशेष जोड दिइनेछ ।

Scanned with CamScanner

ख) पशुपंक्षी तर्फ

- गाउँपालिका भित्र स्थानीय सम्भाव्यताका आधारमा कुखुरापालन, पशुपालनलाई प्रवर्द्धन गरिनेछ।
- गोठ, भकारो तथा मलखाद सुधार कार्यक्रम सञ्चालन गरी पशु उत्पादनमा वृद्धि गरिनेछ।

ग) पर्यटन/संस्कृति

- धार्मिक, ऐतिहासिक र पर्यटकीय स्थलको पहिचान गरी योजना बनाई विकास गरिनेछ।
- गाउँपालिकाको केन्द्रदेखी गाउँपालिका भित्रका प्रमुख पर्यटकीय क्षेत्रहरुसम्म पुग्न सकिने धार्मिक-पर्यटन मार्गहरुको निर्माण गरिनेछ।
- संस्कृति प्रवर्द्धन कार्यक्रम अन्तर्गत यस पालिका क्षेत्रका महत्वपूर्ण पर्यटकीय धार्मिक, सांस्कृतिक महत्व बोकेका सिगास मन्दिर, कालपोखरी मन्दिर, भुमिराज मन्दिर र अन्य देवस्थल लगायतका क्षेत्रको संरक्षण, पर्यटकीय पूर्वाधार विकास कार्यक्रम लगायतका कार्य संचालन गर्न बजेटको व्यवस्था गरिनेछ।

घ) सहकारी

- सहकारी सम्बन्धी विभिन्न तालिम सञ्चालन गरिने छ।
- सार्वजनिक, निजी क्षेत्र तथा सहकारी सहितको तीन खम्बे अर्थ नीति अवलमम्बन गर्दै सहकारी क्षेत्रको विकासमा सहभागिता सुनिश्चितता गर्न सहकारी मार्फत अनुदानको व्यवस्था गर्दै स्वरोजगारका कार्यक्रममा लागत सहभागिता गरिनेछ।
- सहकारी मार्फत आय आर्जन सम्वन्धि हाते होजियारी, वाखापालन लगायतका कार्यक्रमहरु सचालन गरिनेछन्।
- पालिका भित्रका सहकारी वित्तिय संस्थाहहरुलाई उत्पादनमूलक क्षेत्रमा लगानीको लागि प्रोत्साहन गरिनेछ।
- हरेक सहकारीको विकासका लागि आवश्यक नियम तथा अनुगमनको व्यवस्था गरिनेछ।
- सहकारी मार्फत स्थानीय ज्ञान, सिप, क्षमता र स्रोतको उपयोग गरी पूर्वाधार सहितको सहकारीमूलक संस्कृतिको विकास गरिनेछ।
- कृषक समुह, सहकारी संस्था र गैर सरकारी समन्वय र सहकार्यमा कृषि उपज संकलन केन्द्र प्रत्येक वडामा स्थापना गरी कृषिजन्य वस्तुहरु वजारीकरण र वितरण कार्यलाई सुलभ र सरल बनाइनेछ।

ङ) उद्योग तथा वाणिज्य

- स्थानीय उद्यमीलाई उद्योग सञ्चालन गर्न आवश्यक वातावरण तयार गरिनेछ।
- सार्वजनिक, नीजि साझेदारी र सहकार्यमा जोड दिइनेछ।
- स्थानीय उत्पादनहरुको प्रयोगमा वढी भन्दा वढी जोड दिइनेछ र त्यस्ता उद्यमीहरुलाई प्रोत्साहित गरिनेछ।

Scanned with CamScanner

- उद्यमशिलता विकास एंव आयमूलक रोजगारी अभिबृद्धिका कार्यक्रमहरु सञ्चालन गरी महिला, दलित, आदिवासी जनजाती र पछाडी परेका जनसमुदायलाई लघु उद्यममा सहभागि गराइनेछ ।
- गुणस्तरहीन एंव म्याद नाघेका वस्तुहरुको बिक्री वितरणलाई रोक्न प्रभावकारी कदम चालिनेछ ।

[ग]) बन

- वन फडानी र वन डढेलो निरुत्साहित गरी वन व्यवस्थापन र लोपोन्मुख वन्यजन्तु संरक्षणमा जोड दिइनेछ ।
- वन, कृषि, भू तथा जलाधार संरक्षण, वातावरण आदि परस्पर सम्वन्धित विषयहरुमा एकीकृत रुपमा योजना सञ्चालन गर्ने नीति लिइनेछ ।
- नाङ्गा डाँडाहरुमा बृक्षारोपण गर्ने वन क्षेत्रमा उपलब्ध हुने विभिन्न प्रजातिका रुख बिरुवा एवं जडीबुटी, फलफुललाई व्यवसायिक खेती तर्फ उन्मुख गरी आय आर्जनको माध्यम वनाउन पहल गरिनेछ ।

[स]माजिक विकास

[क]) शिक्षा:

- शिक्षा क्षेत्रको विकासका लागि साविकमा संचालनमा रहेका केही कार्यक्रमलाई केही हेरफेर गरी अन्य कार्यक्रमहरुलाई निरन्तरता दिइएको छ ।
- आधारभुत वाल विकास केन्द्र तथा लक्षित समूहका वालवालिकाहरुको पहुँच वढाउन विभिन्न प्रोत्साहनका कार्यक्रमहरु ल्याउने नीति अपनाइनेछ ।
- सिगास गाउँपालिकामा सञ्चालित विद्यालय सुधार कार्यक्रमलाई निरन्तरता दिइनेछ ।
- सामुदायिक विद्यालयहरुको पूर्वाधार विकासमा जोड दिने नीति लिइनेछ ।
- स्थानीय पाठ्यक्रम निर्माण गरी शैक्षिक प्रणालीलाई मौलिक र आवश्यकतामा आधारित वनाइनेछ ।
- विद्यालय पहुँच भन्दा वाहिर रहेका, विचैमा कक्षा छाड्ने वालवालिकालाई विद्यालय भित्र्याउन आवश्यक पहल गर्ने नीति लिईनेछ ।
- शैक्षिक गुणस्तर अभिवृद्धि गर्न सिकाई उपलब्धि मूल्यांकन परीक्षा प्रणालीमा एकरुपता कायम गरिनेछ ।
- गाउँपालिका स्तरमा अनौपचारिक शिक्षा प्रवर्द्धन गर्न सार्वजनिक पुस्तकालय स्थापना गर्न पहल गरिनेछ ।
- शिक्षक कर्मचारीहरुको क्षमता अभिवृद्धि गर्न प्रोत्साहन कार्यक्रम सञ्चालन गरिनेछ ।
- विद्यालय शान्ति क्षेत्रलाई मूर्त रुप दिन सवै विद्यालयहरुमा आचार संहिता निर्माण गरी विद्यालयमा गरिने राजनैतिक कार्यक्रमहरुमा पूर्ण प्रतिवन्ध लागाइने छ ।
- शिक्षण सिकाई अनुदान स्वरुप विद्यालयको शैक्षिक उपलब्धिका लागि प्रदान गर्दै आएको अध्ययन अनुमतिपत्र प्राप्त स्वयंसेवक शिक्षकको अवधारणालाई निरन्तरता दिदैं एक मुस्ठ अनुदान रकम विद्यालयलाई प्रदान गरिने व्यवस्था मिलाईनेछ ।
- सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर सुधारमा विशेष जोड दिइनेछ ।
- विद्यालयको शैक्षिक उपलब्धिका आधारमा आगामी वर्षमा प्रोत्साहन स्वरुप वजेट विनियोजन गरिनेछ ।

Scanned with CamScanner

- सामुदायिक विद्यालयहरुमा छात्राहरु र शिक्षिकाहरुका लागि स्यानेटरी प्याड वितरण गरिने कार्यक्रमलाई निरन्तरता दिइनेछ।
- गाउँपालिकाका सवै विद्यालयहरुमा क्रमशः प्रविधी हस्तान्तरणमा ल्यापटप, ई हाजिरी, प्रोजेक्टरका माध्यमवाट पठनपाठन गराइने नीति अवलम्वन गरिने छ र सवै विद्यालयमा कम्प्युटर इनटरनेटको पहुँच पुर्याइनेछ।
- यस गाउँपालिका भित्र मा.वि. र आधारभुत विद्यालय गरी ६० वटा विद्यालय रहेकोमा कतिपय विद्यालयमा विद्यार्थी शिक्षकको अनुपात घटिवढी भएको अवस्या विद्यमान छ। सो अवस्थामा विद्यार्थी र शिक्षकको अनुपात मिलाई शिक्षक दरवन्दी मिलानमा र विद्यालय मर्जको नीतिलाइ जोड दिइनेछ।
- गाउँपालिका भित्र संचालित सवै सामुदायिक सरकारी र निजी विद्यालयमा शैक्षिक गतिविधिमा एकरुपता कायम गरी सवै अतिरिक्त क्रियाकलाप समेत एकरुपता कायम गर्न पालिका स्तरको शैक्षिक क्यालेण्डरको निर्माण गरी कार्यान्वयन गर्ने कार्यलाई निरन्तरता दिइनेछ।
- सिगास गा.पा.मा वहुप्राविधिक शिक्षालय स्थापना गर्न पहल गरिनेछ।
- गाउँपालिका क्षेत्रभित्र रहेका सामुदायिक र संस्थागत विद्यालयहरुको सहभागितामा वार्षिक रुपमा हाजिरी जवाफ, वक्तृत्वकला, निवन्ध प्रतियोगिता, गायन प्रतियोगिता लगायत क्षमता विकास तथा प्रतिभा प्रस्फुटन गर्ने कार्यक्रम सञ्चालन गरिनेछ।
- शिक्षा क्षेत्रको गुणस्तरीयता वृद्धि गर्न प्रधानाध्यापक र शिक्षा अधिकृत वीच कार्य सम्पादन सम्झौता गरी सोही आधारमा विद्यालयको कार्य सम्पादन मापन गरिनेछ।
- सवै विद्यालयमा अनिवार्य रुपमा FIRST AID BOX, SANITARY PAD तथा स्वच्छ पिउने पानीको व्यवस्था गर्दै लगिनेछ।

ख) स्वास्थ्य

- जनस्वास्थ्यसँग सम्वन्धित प्रवर्द्धनात्मक, प्रतिरोधात्मक, निदानात्मक, उपचारात्मक तथा निरोधात्मक स्वास्थ्य सेवाको सिद्धान्त अनुसार सञ्चालन गरिनेछ।
- महिला स्वास्थ्य (प्रजनन् स्वास्थ्य) र वाल स्वास्थ्य (खोप), पोषणमा थप जोड दिइनेछ।
- गाउँपालिका भित्रका स्वास्थ्य संस्थाहरुलाई मापदण्ड अनुसार सुदृढीकरण गरिनेछ।
- स्वास्थ्य स्वयंसेवीकहरुको दक्षता अभिवृद्धि गर्न पुनर्ताजगी तालिम तथा प्रोत्साहन गरिनेछ।
- गर्भवती महिलालाई स्वास्थ्य संस्थामा गर्भजाँच गराउँन प्रोत्साहन गरिनेछ।
- सुगर र व्लड प्रेसर लगायत दीर्घ रोगका विरामीलाई लक्षित गरी गाउपालिका दीर्घ रोग न्यूनिकरण कार्यक्रम सञ्चालन गर्ने नीति लिईनेछ।
- आमा सुरक्षा कार्यक्रमलाई निरन्तरता दिइनेछ।
- निशुल्क स्वास्थ्य सेवालाई निरन्तरता दिइने छ। यसका लागि औषधी खरिद लगायतका कार्य गर्न आवश्यक वजेटको व्यवस्था गरिनेछ।
- यस सिगास गाउँपालिका अन्तर्गतका सवै स्वास्थ्य संस्थाहरुमा क्रमशः Birthing centre हरु स्थापना गरि २४ सै घण्टा प्रसुती सेवा सञ्चालन गरिनेछ। आवश्यक स्वास्थ्य कर्मचारीको प्रवन्ध गरिनेछ।

Scanned with CamScanner

- पालिका स्तरीय अस्पताल स्थापना गर्ने कार्यकालागि पालिकाको केन्द्र नजिक जग्गा व्यवस्थापन भैसकेको अवस्थामा अस्पताल निर्माणका लागि विशेष पहल गरिनेछ।
- स्वास्थ्य संस्थाहरुलाई भौतिक पूर्वाधार र आवश्यक उपकरण सम्पन्न बनाइने छ।
- कुपोषणलाई न्युनिकरण गर्न सुत्केरीहरुका लागि उपाध्यक्ष कोशेली कार्यक्रम अन्तरगत पोषण झोला स्वास्थ्य संस्था मार्फत प्रत्येक सुत्केरीलाई वितरण गरिने व्यवस्था मिलाइने छ।
- संस्थागत सुत्केरी सुविधामा विस्तार गरि No Home Dellvery लाई प्राथमिकतामा राखिनेछ।
- सत्तरी बर्ष उमेर पूरा भएका विपन्न जेष्ठ नागरिहरुलाई आफ्नो पायक पर्ने स्वास्थ्य चौकी मार्फत मधुमेह उच्च रक्तचापको औषधी निशुल्क वितरण गर्ने व्यवस्था मिलाइनेछ।
- "हामी दुई हाम्रा दुई सन्तान" को अवधारणालाई अंगिकार गर्दै विवाहित दम्पतिहरुका लागि परिवार नियोजनका साधनहरु निशुल्क रुपमा उपलब्ध गराई यौन तथा प्रजनन स्वास्थ्य अधिकार सुनिश्चित गरिनेछ।
- योग शिक्षामा जोड दिदै योग अभ्यास व्यवस्थापन र संचालन गरिनेछ।
- बालिका, किशोरी र महिलामा हुने कुपोषणमा सुधार ल्याउन बहुउद्दयेश्यीय पोषण योजनालाई एकीकृत गरि प्रभावकारी रुपमा कार्यान्वयन गरिनेछ।
- शिवलिङ्ग स्वास्थ्य चौकीलाई १५ शैयामा स्तरोन्नती गरी सुविधा सम्पन्न बनाउन विशेष पहल गरिनेछ।
- स्वास्थ्य सेवा अन्तर्गत साविकमा संचालनमा रहेका विभिन्न कार्यक्रमहरुलाई निरन्तरता दिइने छ।
- स्वास्थ्य सेवा अन्तर्गत संचालित कार्यक्रहरुको गुणस्तरीयता सुनिश्चित गर्न अनुगमन तथा मूल्यांकन कार्यलाइ प्राथमिकता दिइने छ।
- लागु पदार्थ दुर्व्यसन न्यूनीकरण सम्वन्धि सचेतना कार्यक्रम संचालन गरिनेछ।
- आधारभुत स्वास्थ्य सेवा, भ्याक्सिन र खोपहरु निशुल्क गरिनेछ।
- निजी स्तरमा संचालित स्वास्थ्य संस्थाहरुलाई व्यवस्थित र नियमन गरिनेछ।
- पालिकालाई पूर्ण रुपमा लागु औषध मुक्त क्षेत्र बनाउने अवधारणा लिइने।
- गा.पा.को शान्ति सुरक्षा, अमनचयन, सामाजिक सद्भाव कायम राख्न र मदिराजन्य बस्तुवाट हुने हिंसालाई पूर्णतया न्युनिकरण गर्न आठौं गाउँसभाद्धारा गाउँपालिकालाई पुर्णतया मदिरा निषेधित क्षेत्र घोषणा गर्ने निर्णयलाई समर्थन गर्दै यस सम्वन्धि थप ठोस कार्यक्रम अगाडी बढाइनेछ।
- अठार बर्ष माथिका प्रत्येक सिगास बासिहरुलाई कोरोना खोप लगाउन संघीय सरकार र प्रदेश सरकारसँग आवश्यक समन्वय गरी कोरोना विरुद्ध खोपको व्यवस्थापन गरिनेछ।
- MBBS डाक्टर उत्पादन गर्ने लक्ष्य अनुरुप सिगास गा.पा भित्र स्थाइ रुपमा बसोबास भएको MBBS अध्ययन गर्ने विद्यार्थीलाई उचित छात्रबृत्तिको प्रवन्ध गरिनेछ।

## ग) खानेपानी तथा सरसफाई

- खानेपानी सुविधा नपुगेका ठाउँमा जनताको पहुँच विस्तारका साथै खानेपानीको गुणस्तरमा समेत ध्यान दिइनेछ।
- सार्वजनिक शौचालयको स्थापना गरिनेछ।

Scanned with CamScanner

- यस सिगास गाउँपालिकालाई [illegible] गाउँपालिका बनाउनका लागि पालिका भित्र रहेका [illegible] को निर्माण गर्न सरोकारवाला संग पहल गर्ने साथै वैकल्पिक उर्जाका स्रोतहरुको खोजी गरी [illegible] स्थानमा [illegible], अरु कार्यक्रमहरु कार्यान्वयन गरिनेछन ।
- एक घर एक धारा, नजिकै धारा, स्वच्छता कायम गरी स्वस्थ हुने हाम्रो अभियान अन्य कार्यक्रम [illegible] हरेक घरमा सफा धारा निर्माण मा जोड दिई पानीजन्य सरुवा रोग नियन्त्रणमा आवश्यक कार्यक्रम अगाडी बढाइने छ ।
- खानेपानी मुहानको खोजी र संरक्षण गरि [illegible] स्थापना गरिनेछ ।
- खानेपानी तथा सरसफाइ समितिलाई अझ बढी प्रभावकारी बनाइनेछ ।
- स्वस्थ नागरिक जिम्मेवार पालिकाको नीति लिइनेछ ।
- चालु आ.व. २०७७/७८ मा पालिका सदरमुकाममा सोलार लिफ्टिङ मार्फत खानेपानीको व्यवस्था भैसकेको अवस्थामा यस योजनाको निरन्तरता, मर्मत सम्भार र संवर्द्धनका लागि योजना बनाई लागु गरिनेछ ।

**घ) खेलकुद**

- खेलकुद विकास कार्यक्रम अन्तर्गत राष्ट्रपति रनिङ शिल्ड प्रतियोगितालाई निरन्तरता दिइनेछ ।
- यस पालिकामा क्रिकेट र भलिबल खेललाई प्राथमिकता दिइने छ । महिला खेलाडीलाई थप प्रोत्साहन दिइने छ ।
- सामुदायिक विद्यालयका खेलकुद मैदानको स्तरोन्नती गरिनेछ ।
- विभिन्न खेलकुद संचालन गरिनेछ ।
- प्रत्येक वडामा युवा सजाल पुनर्गठन गरि, नेतृत्व विकास, खेलकुदको विकास र युवाहरुको शक्तिलाई पालिकाको समृद्धि र विकासमा सहभागि गराइनेछ ।
- युवा तथा खेलकुद प्रोत्साहन नीति अवलम्बन गरिनेछ ।
- यस सिगास गा.पा.को केन्द्र आसपासको क्षेत्रमा आवश्यक जमिनको खोजी गरि खेलमैदान निर्माण गरिनेछ ।

**ङ) सामाजिक सुरक्षा**

- ज्येष्ठ नागरिक सम्बन्धी विभिन्न कार्यक्रमहरु संचालन गर्न आवश्यक बजेटको व्यवस्था गरिनेछ ।
- अल्पसंख्यक, पिछडिएको वर्ग, क्षेत्रको उत्थान र जातीय भेदभावको अन्त्य गरिनेछ ।
- यस पालिकालाई जातिय छुवाछुत एवं भेदभाव मुक्त पालिका घोषणा गर्न विशेष पहल गरिनेछ ।
- अपाङ्ग, दलित, असहायको सामाजिक जीवनको सुरक्षाको सुनिश्चितता गरिनेछ ।
- पालिका भित्रका सबै वार्डहरुमा महिला सशक्तिकरण तालिम सञ्चालन गरिनेछन ।
- आमा बुवा विहिन बालबालिकाहरुको न्युनतम मानवीय जीवन यापन गर्न पालिकाले अभिभावकको भुमिका निर्वाह गर्नेछ ।

Scanned with CamScanner

- आमा बुवा विहिन बालबालिकाहरुको न्युनतम मानवीय जीवन यापन गर्न पालिकाले अभिभावकको भुमिका निर्वाह गर्नेछ ।
- बाल विवाह/बाल श्रम गर्ने गराउने व्यक्ति, घर परिवारलाई सरकारको तर्फबाट प्रदान हुने सेवा सुविधाबाट वञ्चित गरिनेछ ।
- घरेलु हिंसा, यौन दुर्व्यवहार, सामाजिक हिंसा पिडित किशोर किशोरी र महिलाहरुको संरक्षण गर्न आवश्यक पहलकदमी लिइनेछ । लैंगिक हिंसा विरुद्ध शुन्य सहनशिलता नीति अवलम्वन गरिनेछ ।
- सिगास गा.पा.को सरोकार, महिलालाई अवसर र अधिकार भन्ने लक्ष्यलाई साकार पार्न लैंगिक समानता, समावेशीकरण तथा सामाजिक न्यायको सुनिश्चितता गरिनेछ ।
- घरदैलो अभियान वा घुम्ती शिवीर मार्फत ज्येष्ठ नागरिक परिचयपत्र तथा अपांग परिचयपत्र वितरण कार्यलाई सरल र सहज बनाइनेछ ।
- राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभागको सहयोग र समन्वयमा सामाजिक सुरक्षा तथा व्यक्तिगत घट्ना दर्ता प्रणालीलाई सुदृढिकरण गरिनेछ ।
- अपांगता सम्वन्धि जुनसुकै सिफारिस निशुल्क उपलब्ध गराइनेछ ।
- घट्ना दर्ता तथा सामाजिक सुरक्षा सम्वन्धमा वडा सचिव र जनप्रतिनिधिलाई अभिमुखिकरण तालिम सञ्चलान गरिने छ ।
- सिगास गाउँपालिकाका सवै वडाहरुमा व्यक्तिगत घट्ना दर्ता अनलाईन मार्फत गरिनेछ ।
- सामाजिक सुरक्षा भत्ता पूर्ण रुपमा वैंकिङ प्रणालीमार्फत वितरण गरिनेछ ।

## च) स्थानीय अदालत, मेलमिलाप तथा न्यायिक कार्य सम्वन्धी व्यवस्था

- विवाद निरुपण्को कार्यलाई व्यवस्थित, न्यायोचित, विभेदरहित बनाउने प्रयास गरिनेछ ।
- न्यायिक समितिद्धारा सम्वन्धित पक्षहरुलाई झिकाउने र न्यायिक प्रक्रियाहरुलाई यथाशीघ्र छिटो सम्पादन गराउने तर्फ ध्यान दिइनेछ ।
- न्यायिक समित मार्फत विवादहरुको व्यवस्थापन र मेलमिलाप सम्वन्धी कार्यहरु संचालन गरी छिटो छरितो र सुलभ न्याय प्रणालीको विकास गर्दै असहायलाई निशुल्क न्याय प्रदान गर्ने व्यवस्था मिलाइनेछ ।
- न्याय निरुपण गर्ने विषयहरुको जानकारी गर्न प्रत्येक वडामा न्यायिक अभिमूखिकरण कार्यक्रम संचालन गरिनेछ ।
- सामुदायिक मेलमिलाप, मध्यस्थताका लागि आवश्यक बजेट विनियोजन गरिने छ ।
- पालिका स्तरीय अदालत तथा मेलमिलाप सम्वन्धि कार्यहरुको व्यवस्थापन र सञ्चालनका लागि पालिका स्तरीय न्यायिक समिति मार्फत न्यायलाई प्रभावकारी र सर्वसुलभ बनाइनेछ ।
- न्यायिक कार्य सम्पादन गर्ने कार्यका लागि दक्ष जनशक्तिको व्यवस्थापन गर्न आवश्यक बजेट छुट्टयाइनेछ ।

Scanned with CamScanner

## छ) बेरोजगारी समाधान

- कोरोना महामारी विच देश विदेशबाट गाउँघर फर्केका युवाहरुलाई लक्षित गरि व्यवसायिक कृषि तथा पशुपालन उद्यम तर्फ प्रेरित गरि स्वरोजगार बनाउने नीति अवलम्बन गरिने छ।
- प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत रोजगार सेवा केन्द्र मार्फत Job Bank को स्थापना गरिने छ।
- वेरोजगार युवाहरुको तथ्यांङ्क संकलन गर्ने र अद्यावधिक गर्ने कार्यलाई निरन्तरता दिइने छ।
- वेरोजगार युवाहरुलाई आवश्यक सिप, प्रविधि, अनुदान र सहुलियत कर्जाको व्यवस्था गर्न आवश्यक समन्वय गरी स्वरोजगारीका लागि प्रोत्साहन गरिने छ। रोजगारी सिर्जना गर्ने उद्योग, व्यवसाय र सेवालाई कर छुटको व्यवस्था गरिनेछ।
- वेरोजगार युवाहरुको योग्यता र क्षमता अनुसारको सिप प्रदान गर्न व्यवसायिक तथा प्राविधिक तालिम दिनुका साथै युवाहरुलाई उद्यमशिलता विकासमा प्राथमिकता दिइने छ।
- प्रधानमन्त्री रोजगार कार्यक्रमलाई थप प्रभावकारी वनाउन साझेदारीमूलक, आयोजना सञ्चालनका लागि आवश्यक वजेट विनियोजन गरिनेछ।
- प्रधानमन्त्री रोजगार कार्यक्रमसँग समन्वय गरी वेरोजगार व्यक्तिलाई विभिन्न विषयमा कम्तिमा पनि ५० दिनको तालिम सञ्चालन गरिनेछ।
- एक घर एक रोजगार नीति अवलम्वन गरिनेछ।

## ज) घर जग्गा धनीपूर्जा तथा भु-संरक्षण नीति

- नापी छुट र दर्ता गर्न छुटेका जग्गालाई नापी गर्न गराउन प्रदेश र संघीय सरकारसंग अनुरोध गरिनेछ।
- सार्वजनिक जग्गा संरक्षण निर्देशिका तयार गरि लागु गरिनेछ।

## झ) स्थानीय कर

- प्रगतिशिल कर प्रणालीका आधारमा करको दायरा विस्तार गरिनेछ। सुविधा वञ्चित समूहको भलाइका लागि प्रयोग गरिनेछ।
- घर जग्गा पास, नक्सा पास, कर राजश्व भुक्तानी र कुनै पनि सिफारिस लिने प्रयोजनका लागि प्रदान गरिने नागरिक सेवालाई सहज र व्यवस्थित वनाइने छ।

## ञ) स्थानीय तथ्याङ्क र अभिलेख संकलन

- न्युन आय भएका विपन्न नागरिक, फरक क्षमता भएका नागरिक, वालश्रमिक, हिंसा पीडित महिला, अल्पसंख्यक, द्वन्द्व पीडितको अभिलेख तयार गर्न आवश्यक पहल गरिने छ।
- वेरोजगार युवाहरुको योग्यता अनुसारको लगत संकलन गर्न पहल गरिनेछ।
- वास्तविक गरीव वर्ग पहिचान गरि गरीव परिचय पत्र वितरण गर्न पहल गरिनेछ।

Scanned with CamScanner

पूर्वाधार विकास

क) सडक

- पालिकाका सबै वडाका गाउँ, बस्ती, जोड्ने सडकहरुको सडक सञ्जाल बनाइने छ।
- सबै वडासम्मको पहुँचका लागि सडक ट्र्याक खोल्ने कार्यलाई निरन्तरता दिइनेछ।
- गाउँपालिकाको केन्द्र जोड्ने विभिन्न सडकहरुको विस्तार गर्ने कार्यलाई निरन्तरता दिइनेछ।

ख) विद्युत

- विगतमा विभिन्न स्थानहरुमा विद्युतका पोल गाडिएका, तार तान्न बाँकी रहेका बस्तीहरुमा विद्युत सेवा पुर्‍याउन र सबै अलपत्र परेका विद्युत लाइनहरुको पूर्णताका लागि आवश्यक व्यवस्था मिलाइनेछ।
- यस पालिकालाइ उज्यालो गाउँ पालिका बनाउनकालागि विद्युत सेवा नपुगेका बस्तीलाई प्राथमिकताका साथ अगाडी बढाइ बत्ति विस्तार गरिनेछ।
- साना तथा स्थानीय स्तरमा विद्युत उत्पादन गर्ने लघु जलविद्युत आयोजनाहरुको क्षमता वृद्धिमा जोड दिई मर्मत कार्य समेत गर्न आवश्यक पहल गरिनेछ।
- सार्वजनिक स्थान तथा स्थानीय बजारहरुमा सौर्य सोलार बत्ति जडान गरी गाउँपालिका उज्यालो कार्यक्रम अघि बढाइनेछ।

ग) भवन तथा सहरी विकास

- सार्वजनिक जमिन मिचेर घर निर्माण गर्ने कार्यलाई निरुत्साहित गरि सार्वजनिक जमीनको लगत लिई संरक्षणमा जोड दिइनेछ।
- कम्तिमा एक घर एक शौचालय निर्माणमा जोड दिइनेछ।

घ) संचार

- कार्यक्रमहरुको प्रभावकारिता र प्रचार प्रसार गर्न मिडिया संगको सहकार्यमा विभिन्न कार्यक्रमहरु गरिनेछ ।
- पालिकाको कार्यालय लगायत वार्ड कार्यालयहरुको प्रशासनिक कार्यको सहजता र प्रभावकारि संचालन गर्न गुणस्तरीय तार रहित Internet सेवाको जडान गरिनेछ।

ङ) बैकल्पिक उर्जा, साना जलविद्युत र आधुनिक घट्ट

- सुधारिएको चुलो जडानका लागि बजेट विनियोजन गरिनेछ।
- नविकरणीय उर्जाको श्रोत सौर्य उर्जा प्रविधि जडानलाई प्राथमिकता दिइनेछ।
- Micro Hydro को सम्भाव्यता रहेको क्षेत्रमा विद्युत उत्पादन गर्ने कार्यका लागि सम्भाव्यता अध्ययन गरी कार्यान्वयनका लागि बैकल्पिक उर्जा, प्रदेश सरकार, संघीय सरकारसंग समन्वय गरी अगाडी बढाईनेछ।

Scanned with CamScanner

## वित्तीय व्यवस्थापन र सुशासन

- आर्थिक प्रशासन सञ्चालन गर्न प्रविधिमा जोड दिइनेछ ।
- वित्तीय सदाचारितामा जोड दिइनेछ ।
- सूचनाको हकको सुनिश्चितता गरिनेछ ।

## तथ्याङ्क संकलन

- प्रत्येक जनप्रतिनिधिलाई तथ्याङ्कमा जिम्मेवार बनाइनेछ ।
- धार्मिक, सांस्कृतिक क्षेत्रहरुको गुरुयोजना तयार गरिनेछ ।

## वातावरण तथा विपद् व्यवस्थापन

- विभिन्न दैवी प्रकोप, आगलागि, बाढी पहिरो, जस्ता विपद्मा परेका हरुका लागि तत्काल आवश्यक सहयोगका लागि उद्धार तथा राहत उपलब्ध गराउने नीति लिइनेछ ।
- उद्धार राहत र विपद सम्बन्धी आइपर्ने आकस्मिक उद्धारको कार्य गर्न प्रत्येक वडामा आकस्मिक उद्धार टोली (RAPID RESPONSE TEAM) को व्यवस्था गरिनेछ ।
- भूक्षय, भुस्खलन हुने क्षेत्रको पहिचान गरी यसका लागि आवश्यक कार्यक्रम संचलान गरिनेछ ।
- वन संरक्षणमा सबैको सहभागिता जुटाइनेछ ।
- बढ्दो जलवायु परिवर्तन बारे पालिकावासीलाई सुसुचित तुल्याई जलवायु परिवर्तन न्युनीकरणमा जोड दिइनेछ ।
- बस्ती जोखिम, आगलागि, बाढीपहिरो र भुकम्पबाट हुन सक्न् क्षति र खतरालाई न्यूनिकरण गर्न सचेतना अभियान सञ्चालन गरिनेछ ।।
- विपद् व्यवस्थापन बारे व्यापक जनचेतना फैलाउनमा जोड दिइनेछ ।
- विपद्व्यवस्थापन कार्य योजना निर्माण गरिनेछ ।
- सार्वजनिक बाँझो जमिनहरुमा वृक्षारोपण गर्न प्रेरित गरिनेछ ।

## खानी तथा खनिज

- सिगास-१, वृन्दावन क्षेत्रमा फलामखानी उत्खननको चरणमा रहेको अवस्थामा पालिका भित्र रहेका अन्य खानी खनिज पदार्थको पहिचान, अन्वेषण संरक्षण र नियमन गरिनेछ ।

## सुशासन

- सुशासनका आधारभूत मान्यताहरुलाई आत्मसात गर्दै तदनुकुलका व्यवहार गर्दै लगिनेछ ।
- सुशासनका लागि आर्थिक पारदर्शिता भन्ने नीति कार्यन्वयन गर्न गाउँपालिका अध्यक्ष, उपाध्यक्ष लगायत कार्यपालिका सदस्यहरुले २०७७ भाद्र मसान्त भित्र आफ्नो सम्पत्ति विवरण सार्वजनिक गर्ने छन ।
- भ्रष्टाचार विरुद्ध शुन्य सहनशिलताको नीति अवलम्वन गरिनेछ ।

Scanned with CamScanner

- कर्मचारीको मनाबल उच्च पार्ने नीति लिइनेछ । कार्यालयको काममा लगनशील र कर्तव्यनिष्ठ बनाउन उचित मापदण्डको आधारमा प्रोत्साहनको व्यवस्था गरिनेछ ।
- मुस्कान सहितको सेवा प्रणाली लागु गरिनेछ । गुनासो सुनुवाई गर्न वडा कार्यालयहरुमा समेत गुनासो सुनवाइ संयन्त्र निमार्ण गरिनेछ ।
- गाउँ कार्यपालिका कार्यालय तथा सबै वाडं कार्यालयहरुमा नागरिकहरुले स्पष्ट देख्न र पढ्न सक्ने गरी नागरिक वडापत्र राखिनेछ ।
- कर्मचारीको क्षमता विकासका लागि विभिन्न तालिम, गोष्ठी, रिफ्रेसमेन्ट, भ्रमण तथा उच्च तह अध्ययनको व्यवस्था गर्ने नीति लिइनेछ ।
- गाउँकार्यपालिकाको कार्यालयद्वारा सम्पादित हुने कार्य चुस्त, दुरुस्त र प्रभावकारी वनाउन गाउँपालिका अध्यक्ष र प्रमुख प्रशाकीय अधिकृत तथा प्र.प्र.अ. र शाखा प्रमुखबीच कार्य सम्पादन सम्झौता गरिनेछ ।

ट) भाषा संस्कृति

- सामाजिक सद्भाव सुदृढ तुल्याउन सांस्कृतिक पर्वहरु गौरा, माघेसंक्रान्ती जाँत, भूवा पर्व, ओल्के, बिशु जस्ता पर्वहरुलाई सभ्य र भव्य तरिकाले मनाउँदै प्रादेशिक पर्वको मान्यता दिलाउन आवश्यक पहल गरिनेछ ।
- परम्परागत पेशा, व्यवसाय र लोपोन्मुख कला, ज्ञान सिपको पहिचान गरि सोको संरक्षण र सम्वर्द्धनका लागि आवश्यक पहल गरिने छ ।
- जाँतो, घट्ट, ओखल, कोलु जस्ता परम्परागत प्रविधिहरुको जगेर्ना गरिनेछ ।

ठ) मानव संसाधन विकास

- कर्मचारी भर्नामा योग्यता प्रणाली अपनाइने छ ।
- कर्मचारीको क्षमता अभिवृद्धि र सेवा सुविधामा न्यायोचित व्यवहार गरिनेछ ।
- पालिकाका अस्थायी र करारका कर्मचारीको कामको मूल्यांकन गरि सेवा निरन्तरता दिइनेछ ।
- कर्मचारीहरुको क्षमता अभिवृद्धि गर्न समय समयमा तालिमको व्यवस्था गरिनेछ र कार्यसम्पादनमा उत्कृष्ट कर्मचारीलाई पुरस्कारको व्यवस्था गरिनेछ ।

ड) सूचना प्रविधि तथा सञ्चार

- गुनासो सुनुवाइलाइ व्यवस्थित गरिनेछ परेका उजुरीहरु सात दिन भित्र फछ्यौट गरी सक्ने नीति लिइनेछ ।
- गाउँपालिकाको वेवसाइट पूर्ण रुपमा अद्यावधिक गरी गाउँपालिकाका गतिविधीहरुका बारेमा घरमै बसी जानकार हुने व्यवस्था मिलाइनेछ ।
- सूचना प्रवाहमा एकद्धार प्रणाली अपनाइनेछ ।

Scanned with CamScanner

### ढ) पेश्की/बेरुजु फछ्यौट नीति

- हालसम्मको वुरुजुलाई शुन्यमा झार्ने नीति लिइनेछ ।
- पुरानो पेश्की, बाँकी रहेका व्यक्ति वा संघसंस्थाहरुलाई अविलम्व पेश्की फछ्यौट गराउन आवश्यक पहल गरिनेछ ।

### ण) लक्षित वर्गहरुको लागि:

- वाखापालन तालिम तथा अनुदान दिइने छ ।
- तरकारी खेती तालिम तथा विउ वितरण कार्यक्रमहरु सञ्चालन गरिनेछन् ।
- विपन्न तथा एकल महिलाहरुका लागि हाते होजियारी तालिम सञ्चालन गरिने तथा आवश्यक सामग्री वितरण गरिनेछन् ।
- महिला क्षमता अभिबृद्धि र आयमा वृद्धि गर्नका लागि आधुनिक सिप तथा तालिम लगायतका कार्यक्रमहरु सञ्चालन गरिनेछन् ।
- महिला समूह गठन तथा दर्ता गरी समूहका सदस्यहरुलाई सचेतनामूलक अनुशिक्षण तालिम सञ्चलन गरिने ।
- वालक्लव गठन गरी उनीहरुलाई क्षमता अभिवृद्धि कार्यक्रमहरु सञ्चालन गरिने ।
- वडा स्तरीय/गा.पा स्तरीय छाउपडी प्रथा उन्मूलन सम्वन्धि सचेतना कार्यक्रम सञ्चालन गरिने ।
- किशोर किशोरीहरुलाई वालविवाह न्यूनिकरण सम्वन्धि तालिम तथा कार्यक्रमहरु सञ्चालन गरिने ।
- वालमैत्री स्थानीय तह निर्माण गर्न आवश्यक पहल गरिनेछ ।
- लैंगिक हिंसा विरुद्धको १६ दिने अभियान सञ्चालन गरिने ।
- वालविवाह अन्त्यका लागि गा.पा स्तरीय रणनीति तयार गर्ने ।
- लैंगिक हिंसा तथा महिलामाथि हुने हिंसा रोक्न शून्य शहनशीलताको नीति आवलम्वन गरिनेछ ।
- महिलाहरुको कामको बोझमा कमी ल्याउन कुटानी पिसानीका लागि आधुनिक घट्टको व्यवस्था गर्ने ।
- ज्येष्ठ तथा अपाङ्ग नागरिकहरुलाई न्यानो लुगा वितरण कार्यक्रम तथा अन्य आवश्यक सामग्री खरीद गरी वितरण गर्ने ।
- सुरक्षित नागरिक आवास र जनता आवास कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

### विविध

- गा.पा. भित्र सवै कुप्रथाको अन्त्य गर्न पहल गरिनेछ ।
- योजनाको कामलाई पारदर्शिता र गुणस्तर निर्माण गर्न ल्याव टेस्ट इक्युपमेन्ट व्यवस्था गरिनेछ ।
- चालु आ.व.मा सञ्चालित कार्यक्रमहरुलाई आवश्यकता हेरी निरन्तरता दिइनेछ ।
- वालविवाह निरुत्साहित गर्न सचेतिकरण अभियान सञ्चालन गरिनेछ ।
- विपन्न महिलाहरुलाई आत्मनिर्भर एवं व्यवसायिक क्षमता विकास गर्न बेतका सामाग्री निर्माण सम्वन्धी तालिमको व्यवस्था गरिनेछ ।
- उपभोक्त समितिलाई आवश्यक तालिमको व्यवस्था गरिनेछ ।

(हरि सिंह धामी)
अध्यक्ष
सिगास गा.पा

Scanned with CamScanner